# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौ अधिवेशन

## (बाह्रौं बैठक)

## कार्यवाहीको सम्पुर्ण विवरण

## मिति : २०७६/१०/२८ गते दिनको१.३० बजे

आज मिति २०७६/१०/२८ गते दिनको ठिक१.३० बजे गण्डकी प्रदेश, प्रदेश सभाको पाँचौ अधिवेशनको बाह्रौं बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यू को अध्यक्षतामा प्राररम्भ भयो।

**माननीय सभामुख-**

माननीय सदस्यहरु, आजको बैठकको कार्वाही प्रारम्भ हुन्छ।सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ।शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।माननीय खिम बिक्रम शाही, बाग्लुङ।

**माननीय सदस्य श्री खिम बिक्रम शाही-**

माननीय सभामुख ज्यू, बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं २ को २ मा २०७६ मंसिर १४ गते उपनिर्वाचन सम्पन्न भई म खिम बिक्रम शाही निर्वाचीत भएर मंसीर १९ गते सपथ लिएपछि निर्वाचन क्षेत्र पुर्वाधार बिकास कार्यक्रमको बारेमा बुझ्दा मंसीर १५ गते नै हतारमा नियोजित प्रकारले बिनियोजन भएको कार्यक्रम पारदर्शी छैन र अव्यवहारिक पनि छ।त्यसकारणले गर्दा सो निर्वाचन क्षेत्रको निर्वाचन क्षेत्र पुर्वाधार बिकास कार्यक्रम म संयोजक भएको निर्देशक समितिले बिनियोजन गर्न पाँउ भनी श्री मुख्यमन्त्री कार्यालयमा निवेदन गरेको थिए अनि म र माननीय प्यारी थापा ज्यू सो कार्यालयमा गयौं। अनि त्यो दिन हजुरहरुको निवेदन परेकोले हजुरहरुलाई बोलाई मिलाँउला भनेको तर ७६ साल माघ २४ गते माननीय मुख्यमन्त्री ज्यूको सम्बोधनमा माननीय सभामुख ज्यूको क्षेत्र लगायतको निवेदनको बारेमा मात्र जानकारी गराई मेरो निवेदनको बारेमा केही वास्ता नगरी जानकारी समेत नदिई पक्षपात गरेको हुनाले माननीय सभामुखज्यू सो कार्यक्रमको निर्देशिका अनुसार म उपनिर्वाचनबाट निर्वाचित प्रदेश सभा सदस्यको संयोजकत्वमा निर्देशक समिति गठन गरी बिनियोजन गर्न पाउनु पर्छ भनि अनुरोधका साथ हाम्रो प्रदेश सरकारको ध्यानाकर्षण गर्छु। धन्यबाद।

माननीय सभामुख- माननीय मेखलाल श्रेष्ठ स्याङ्जा।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठ-**

माननीय सभामुख महोदय, दिनानुदिन जनसंख्या बढ्दै छ। जनसंख्या अनुसार गाडीको चाप पनि बढीरहेको अवस्थामा र गौतम बुद्ध अन्तराष्ट्रिय एयरपोर्ट पनि चाँडै नि सञ्चालन हुने अवस्था र पोखरामा पनि चाँडो भन्दा चाँडो अन्तराष्ट्रिय एयरपोर्ट सञ्चालन भैसकेपछि पोखरा बुटवल जाने सिद्धार्थ राजमार्गको बिभिन्न मोडहरुले गर्दा यातायातको साधनहरु चल्न अत्यन्त कठिनाई भएको र सम्बन्धित नगरपालिका, गाँउपालिकाहरुले प्रदेश सरकारबाट केही सहयोग पाएमा आफ्नो क्षेत्रधिकार पर्ने क्षेत्र भित्र पर्ने मोडहरुलाई सुधार गर्न गरेको कोशिश गरेको उदाहरण वालिङ नगरपालिकाले गरेर देखाईसकेको छ। तर वालिङ नगरपालिकाले आफ्नो क्षेत्रभित्र मोड सुधार गर्दा पनि उसले पाउनु पर्ने रकम पनि अहिले सम्म निकासा नभएको र हालसम्मन यो मोड सुधार कार्यक्रमहरु कहाँ कुन अवस्थामा छ? यो प्रदेश सरकारको मातहातमा नपरे पनि संघ सरकारलाई प्रदेश सरकारले कोओर्डिनेसन गरेर समन्वय गरेर यो राजमार्गको मोडहरु सुधार गर्यो भने यहाँका जनताहरुलाई र बाटोको दुरी पनि घट्ने त्यस वापत दुरी घटे वापत गाडीको मेन्टेनेन्स खर्च र तेल खर्चमा पनि कम आउने कुरा भएको हुनाले

यो कुरा प्रदेश सरकारले चाँडो भन्दा चाँडो आफ्नो मातहतमा आउने आँफैले नभए संघ सरकारको कोअरडिनेसन गरेर चाँडो भन्दा चाँडो यसलाई मोड सुधार गरेर अगाडी बढाओस सभामुख महोदय मार्फत आग्रह गर्न चाहान्छु। धन्यबाद, जय नेपाल ।

## माननीय सभामुख-

माननीय सदस्यहरु, शून्य समयमा वोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ। माननीय सदस्यहरु अब विशेष समय प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री दिपक कोईराला, समय ७ मिनेट।

## माननीय सदस्य श्री दिपक कोईराला-

माननीय सभामुख महोदय, संबिधानको भाग २० धारा २३६ मा अन्तर प्रदेश ब्यापार भन्ने शिर्षकमा लेखिएको छ। यस संबिधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको बिस्तार वा कुनै प्रदेश स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको बिस्तारमा कुनै किसीमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा बिस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइनेछैन।यो संबिधानको बिपरीत केही हाम्रा स्थानीय तहहरुले करहरु लगाई रहेको कुरा अघिल्लो बर्ष यो प्रदेश समन्वय परिषदमा मैले उठाएको थिए। जहाँ आबुखैरेनि गाँउपालिकाले चितवनबाट आएको चल्ला प्रति चल्ला १ रु.का दरले कर लगाईरहेको थियो र त्यहाँ मैले यो कुरा उठाएको थिए र त्यो गाँउपालिका गाँउपालिका अध्यक्ष सँग त्यो बारेमा डिवेट भयो। र मैले बिल देखाईसकेपछि उहाँ कन्भिन्स हुनुभयो। र आगामी दिनमा यो हुँदै हुनेछैन भन्नुभयो र सम्भवत अहिले त्यो शिर्षकमा सो गाँउपालिकाले कर लिदैन भन्ने कुरा मैले सुनेको छु। तर सोही प्रकृतिका करहरु स्थानीय तहहरुमा जहाँ करहरु लगाईएको छ। सडकमा चेक पोईन्ट राखेर करहरु लिईन्छ। पहिला कुरा त हामी नयाँ जुन सन्दर्भमा प्रवेश गरिसकेका छौं। आज पनि सडकमा फेरी पनि ढाँट लगाएर कर उठाउने कुरा पनि कति बैज्ञानिक हो। यो कुरा पनि हामीले गम्भिर रुपमा सोच्नु पर्दछ भन्ने लाग्दछ। अर्को कुरा लिइनै हालेपनि संबिधानले नै बर्जीत गरेको संबिधानले नै त्यो कर लिन पाईदैन भनेर प्रष्ट सँग भनीसकेका करहरु हाम्रा स्थानीय तहहरुमा उठिरहेका छन। स्थानीय तहले आँफै इन्भल्व भएर त्यो कुरा उठाईरहेको छ। या विभिन्न ठेक्का कम्पनीहरु मार्फत यस्ता प्रकारका करहरु उठाउने गरिएको छ। जसले गर्दा करहरु धेरै ठाँउमा उठ्छ संघीयताको कारणले करहरु धेरै भयो। धेरै प्रकारका करहरु उठ्छ भनेर आज संघीयता प्रति नै गम्भीर प्रश्न चिन्ह उठिरहेको छ। यस्तै एउटा उदाहरण म यहाँ पेश गर्न चाहान्छु। म्याग्दे गाँउपालिकाले पोखरा ३१ मा उत्पादन भएको पानी बिक्री बितरणको लागि लैजाँदा खेरी प्रति जार पाँच रुपैयाँको दरले कर लिदो रहेछ। तर करमा केहि पनि लेखेको छैन। पानी मात्र लेखेको छ र २०० रुपैयाँ लेखेको छ र के कारणले लिएको भन्ने कुरा पनि यसमा लेखिएको छैन।खैर यसमा गुडविल निर्माण कम्पनीको नाम छ। र यस्ता धेरै गाँउपालीकाहरु स्थानीय तहहरुको सन्दर्भमा इन्डिभिजल रुपमा पनि गाँउपालीकाहरु सँग कुरा गरे सदनको बिषय नबनाँउदा पनि हुन्थ्यो जस्तो भन्ने मलाई लाग्या थियो तर यसो गर्दा हाम्रा सवै स्थानीय तहहरु पचासीवटै स्थानीय तहहरु यो बिषयबाट ज्ञान हासिल गर्नु या जल्ले लिईरहेका छन। उनीहरुले यो कुरा बन्द गरुन र अथवा यो जनताका सार्वजनिक महत्वका कुरा हुन। किनकि जसले जुन बिषयमा कर तिर्नु नै पर्दैन। त्यो बिषयमा हाम्रा सरकारहरुले कर लिईरहेका छन भने यो जनचाँसोको कुरा हो र सार्वजनिक महत्वको पनि कुरा हो।त्यसकारणले मात्र मैले यहाँ उठाउन खोजेको हो।विशेष समय लिएर माननीय सभामुख महोदय, मैले यहाँ कुरा राख्दा हाम्र पचासीवटै स्थानीय तहहरुले एक साथ यी कुराहरु जानकारी पाउने छन कि यो कुरा संसदको पनि बिषय बनेको छ र अर्को कुरा हाम्रो आफ्नो कार्य क्षेत्र भित्र या प्रदेशको भुगोल भित्र लगाईने या लिइने, गरिने यस्ता प्रकारका जुन जतिपनि गतिविधिहरु छन त्योबाट हाम्रा नागरिकहरु पनि यसबाट सुसूचित हुनु पऱ्यो। र हामीले यो संबिधानले नै गर्नु हुँदैन भनेको कुरालाई सरकारहरुले गरिरहँदा सरकारको बारेमा या संरचनाको बारेमा हाम्रो जुन व्यवस्थामा हामी छौं।आज हामीले बिभिन्न ठाँउहरुमा सुन्ने गरिराखेका हुन्छौं करको बारेमा के केमा कर लाइयो। कहाँ कहाँ कर लाइयो भनेर त्यसकारण यो भुलबस भएको हो या नजानेर भएको हो या हाम्रा निर्माण कम्पनीहरु जवाफदेही छन निर्माण कम्पनीहरुले यो स्विकृत नलिईकन लिएका हुन भने पनि हाम्रा स्थानीय तहहरुले जुन सम्वन्धित हाम्रा सरकारहरुले ठेक्का

पट्टा लाएका छन।उनीहरुले यसको अनुगमन गर्नु पर्‍यो। यसको अनुगमन भएको पनि देखिदैन सामान्यतया सोध्दा खेरी त्यो लिनु नपर्ने हो भनेर भनिन्छ तर फेरी पनि लिइ नै राखेको हुन्छ। त्यसको पनि कहिंन कहिं सम्बन्धहरु हुन सक्छन भन्ने कुरा देखिन्छ। त्यसकारण म यो सदन मार्फत माननीय सभामुख मार्फत सम्बन्धित सबै पक्षहरुको बिशेष ध्यानाकर्षण गराउन चाहान्छु। कि यस्ता प्रकारका करहरु जुन ढंगले लिएको छ।जसले गर्दा सरकार प्रति व्यवस्था प्रति नै नकारात्मक बिचारहरु उत्पन्न भएका छन। त्यसकारण आज भोलि भन्ने गरिन्छ संघीयता आयो त्यसकारणले करहरु बढीरहेको छ। तर यस्तो प्रकारको जहाँ लिनै पाईदैन।उत्पादन गरेको बस्तुले जसले जहाँ उत्पादन गर्छ उसले त्यहाँ नै उसले ट्याक्स,कर, भ्याट र टयाक्स के तिर्नुपर्ने हो तिरीसकेको हुन्छ। संबिधानले प्रष्ट रुपमा भनेकै छ।धारा २३६ मा अन्तर प्रदेश व्यापारको शिर्षक दिएर कि एउटा प्रदेशमा उत्पादन भएको बस्तु अर्को प्रदेशमा लैजान समेत पाईदैन। यहाँ त एउटा स्थानीय तहमा उत्पादन भएको बस्तु अर्को स्थानीय तहमा बेच्न लैजाँदा खेरी कर लगाईन्छ।अस्ति मैले सामान्यतया मैले हिसाब गर्दा पोखराबाट एउटा पानीको जार कसैले बेच्नको लागि लैजान्छ।गोर्खा बजार सम्म पुर्‍याँउछ झन्डै पानीको जति मूल्य छ।त्यो जारको त्यति नै मूल्य उसले टयाक्स तिरीसकेको हुँदो रैछ भन्दा गोर्खा बजार पुर्‍याँउदा त एक जार पानीको झण्डै सय रुपैयाँ ट्याक्स पचास रुपैयाँ यदी उसको छ भने झण्डै पच्चिस तिस रुपैयाँ प्रत्येक स्थानीय तहले लिंदा खेरी पुग्दो रहेछ एउटा उदाहरण मात्रै मैले भनेको यस्ता धेरै उदाहरणहरु छन।जुन उसको स्थानीय तहमा उत्पादन भएका बस्तु होइनन।बाहिरबाट आउँछन मैले ब्यास नगरपालिकाको चेक पोइन्टमा सोधे तपाँईहरुले पानीको लिनुहुन्छ कि लिनुहुन्न भनेर मैले सोधे उहाँहरु त्यहाँ बस्नेहरुले के भने पानी त हामीलाई एक दुई कार्टुन हामीलाई दिएर जान्छन त्यसकारणले लिईदैन। अब यसरी गर्दै जाने हो भने हाम्रा स्थानीय सरकारहरुले यस्तो गर्दै जाने हो भने यो चाहि अलि गम्भीर कुरा छ त्यसकारण यो सदन मार्फत मैले सार्वजनिक महत्वको कुरा भएको कारणले मैले यस्ता केही गाँउपालिकाहरुको भ्रमण गर्ने क्रममा देखेका कुराहरु माननीय सभामुख मार्फत यो सम्मानीत सभा समक्ष राखेको हो।यही कुरा म बिशेष ढंगले जानकारी गराउँदछु।र यो सम्बन्धित पक्ष या प्रदेश सरकारले पनि यो बारेमा केही न केही पहल कदमी लिनको लागि जरुरी छ भन्ने ठान्दछु।र यही कुरा अवगत गराँउदछु। धन्यबाद।

**माननीय सभामुख**-माननीय सदस्य श्री कुमार खड्का समय १५ मिनेट।

**माननीय सदस्य श्री कुमार खड्का**-माननीय सभामुख ज्यू, बिगत केहि बर्षदेखि भ्रष्टाचारका ठूला ठूला घट्नाहरुको रहोत्सोघाटनले सारा देशलाई तरङ्गित, छुब्द, दुखित र आन्दोलित बनाएको छ।एनसेलको काण्ड भन्नुहोस बुढिगण्डकीको काण्ड,तेत्तीस किलो सुन काण्ड ढुकुटीमा जम्मा भएको सुन पित्तल भएको काण्ड, हवाइट बोडि काण्ड, ह्यात रेजेन्सी होटल काण्ड, प्रिन्टीङ प्रेस काण्ड,यति होल्ड स्कायन्डले देशलाई छिया छिया पारिनै रहेको थियो।त्यस श्रंखलामा अर्को भ्रष्टाचारको ठुलो मुद्धा ललिता निवास काण्ड अर्थात बालुवाटार काण्ड अहिले सर्बाधिक चर्चामा छ सभामुख महोदय।देशमा ठुला ठुला भ्रष्टाचारहरु, महिला हिंसा हत्या,बलात्कार, जगन्य अपराध, तस्करी काण्ड, राजस्व छलि जस्ता घट्नाले देशलाई स्तब्ध र उद्येलित बनाउने केहि समय सर्वाधिक चासोको विषय बन्ने त्यसपछि यसको उचित सम्बोधन नगरी तार्किक निष्कर्षमा नपुराई अनिर्णयको बन्दी बनाएर सिंहदरबारको अध्याँरो कोठामा कतै बन्द गर्ने नियति नै बनेको छ।यो सन्दर्भमा ललिता निवास काण्डलाई अनुसन्धान गरेर अदालत सम्म पुर्याउने अख्तियारको प्रयत्न सकारात्मक छ, सहानिय छ सभामुख महोदय।२०७६ माघ २२ गते बिजय गच्छेदार, चन्द्रदेब जोशी, डम्मर श्रेष्ठ सहितका पुर्व मन्त्रीहरु सहित १७५ जनालाई अभियोगी बनाएर दश अर्वको बिगो र अधिकतम दश बर्षको सजाय माग गरेर अख्तियारले मुद्दा दायर गर्‍यो। यस सन्दर्भमा थुप्रै प्रतिक्रियाहरु आए।आइरहेका छन।प्रमुख प्रतिपक्ष नेपाली काँग्रेसले यस बारेमा केन्द्रमा सदन अबरुद्ध गरिरहेको छ।भातृ संस्थाहरु सडकमा ओर्लेर आफ्ना आवाजहरु बुलन्द गरिरहेका छन। बालुवाटार काण्डमा नेपाली काँग्रेसको आधिकारीक धारणा बारे नबुझेका र बुझपचाएकाहरुले नेपाली काँग्रेस पार्टीले भ्रष्टाचारीलाई बचाउन खोज्यो। भ्रष्टाचार गरेपनि दण्डित गर्न पाइदैन भन्यो बिजय गच्छेदारका लागि आफ्नो स्पष्ट स्वच्छ छबि धमिलिने गरी अगाडी बढ्यो भनेर नियोजित रुपमा आरोपित गरेका छन। अझ गण्डकी प्रदेशका एकजना माननीय मन्त्रीज्यूले त बिमार भएर उभिएर सदनमा बोल्न सक्तिन भनेर संबैधानिक कानुनी जिम्मेवारी पुरा नगर्ने तर त्यही बिमार भएकै

दिन उभिन नसकेकै दिन कार्यसूचिमा नाम भएकै दिन अर्को कुनै जिल्लामा गएर रिबिन काट्ने कार्यक्रममा गएर प्रतिपक्षले सदनमा गरेको गतिविधिलाई गच्छेदार बचाउन गरेको भनेर कुर्लेको देख्दा यसबारे नेपाली काँग्रेसको धारणा सदन र सदन मार्फत देशलाई बताउन आवश्यक ठानेको छु सभामुख महोदय। नेपाली काँग्रेसको आधिकारीक धारणा यस बिषयमा मात्र होईन।यस्ता सबै बिषयमा एउटै छ सभामुख महोदय। विश्वेश्वर प्रसाद कोईराला देखि शेरबहादुर देउबा सम्म नेपाली काँग्रेसले एउटै निति लिएको छ। दोषी कोहि नउम्कोस निर्दोष कोहि पनि नफसोस यसकाण्डमा बिजय गच्छेदार, चन्द्रदेव जोशी दुई मन्त्री माथी अभियोग दायर भएका छन सभामुख महोदय। एउटा सत्य के हो भने बिजय गच्छेदारको सार्वजनिक छवि त्यति सफा छैन, सकरात्मक पनि छैन। जहिले पनि आर्थिक अनुशासनको बिषयमा उनलाई शंकाको घेरामा राख्ने गरेको पाईन्छ। उनी माथी मुद्दा चलाएको ठिक छ भन्ने जनआवाज छ। त्यसको ठिक बिपरीत चन्द्रदेब जोशी छन उनको सार्वजनिक छवि सफा छ निस्कलङ्क छ।निष्ठाको राजनिति गर्ने अभाबमा बाँचेका तर सिद्धान्तका लागि कुनै संझौता नगर्ने बामपन्थी नेता सात लाखको मुठो पनि जिन्दगीमा नदेखेकालाई सात करोड आठ लाख अठचालिस हजारको बिगो सहित मुद्दा लगाउन गलत छ, बदनियतपुर्ण छ, षडयन्त्रपुर्ण छ भन्ने आवाजहरु पनि मुखरित भएका छन।मुद्दा अदालतमा छ सभामुख महोदय दोषी को हो निर्दोष को हो यसको निरुपण गर्ने काम अदालतको हो न्यायालय माथी हामीले बिश्वास गर्नु पर्छ फेरी पनि भन्छु गच्छेदारको मुद्धा फिर्ता गर उनलाई मुद्धा नचलाउ अहिले नै सफाय देउ भनेर काँग्रेसले भनेको छैन भन्दैन पनि सबैलाई चेतना भया माननीय सभामुख महोदय। यस बिषयमा थुप्रै प्रश्न उठेका छन जुन अनुत्तरित छन। आशंकाहरु उब्जीएका छन थुप्रै थुप्रै तथ्यपरक सुनियोजित षडयन्त्रको पर्दाफास भएको छ।सत्ता र शक्तिको दुरुपयोग गरेर न्याय र कानूनको घाँटी रेट्ने काम भएका छन यसबारे अख्तियार र सरकारको धारणा सार्वजनिक हुन जरुरी छ।२०७५ मंसिर २६ गते शारदा प्रसाद त्रितालको समितिले प्रतिवेदन बुझायो त्यसलाई सरकारले चैत्र सम्म लुकाएर राख्यो सभामुख महोदय र त्यसपछि अख्तियारलाई दियो।अख्तियारले दश महिना लगायो छानबिनका नाममा अनुसन्धान पुरा गर्यो तर मुद्धा दर्ता गरेन उसले के भन्यो भन्दाखेरी म सरकारको निर्देशन पर्खिरहन्छु भनेर भन्यो किन संबैधानिक आयोगलाई आफ्नो संबैधानिक दायित्व पुरा गर्न सरकारको सहमति वा असहमति किन चाहिन्छ? यसले के बताउँछ भने यस काण्डमा अख्तियारले पूर्णतया सरकारको ईशारामा काम गरेको छ। सभामुख महोदय, यस काण्डमा संलग्न सत्ताधारी पार्टिका नेता बचाउनि तर अन्यलाई मुद्दा चलाउने सामाजिक न्यायको सिद्धान्तले कसरी मिल्छ आस्थाका आधारमा जिवित मात्र होईन सभामुख महोदय, मृतक माथी पनि भेदभाव गर्ने पाशविक कृत्य भएको छ। लास माथी पनि राजनिति गरेको छ।अख्तियार यसका स्वामी सरकारले माननीय सभामुख महोदय ललिता निवास काण्डको सबैभन्दा बढी गलत भएको भनेको मन्त्रिपरिषदको २०६६ चैत्र २९ र २०६७ बैशाख ३१ को निर्णय हो।यो निर्णयको प्रस्तावक माईन्युट लेख्ने निर्णयलाई प्रमाणित गर्ने र त्यो निर्णय बमोजिम निर्देशन दिने मातहतका संस्थालाई एकमात्र पदाधिकारी हुन पुर्व मुख्यसचिब माधब घिमिरे माधब नेपाल पछि सबभन्दा बढि दोषी यस काण्डमा उनै हुन अख्तियारले उनको मृत्यु भएकोले उनी माथि मुद्धा चलाउन नपर्ने निर्णय गर्यो सभामुख महोदय स्मरण रहोस उनी तत्कालिन नेपाल कम्युनिष्ट पार्टि एमालेका समर्थक।

**माननीय सभामुख-**

माननीय सदस्य ज्यू अदालतमा मुद्धा चलिरहेको बिषयमा धेरै बहश गर्दा राम्रो हुदैन।

**माननीय सदस्य श्री कुमार खड्का-**

मैले सभामुख महोदय, म अदालतको बिषयमा छिरेको छैन। मैले को को ले के के गरे अदालतमा नछिरेका बिषयमा मैले आफ्ना धारणाहरु राखिराखेको छु सभामुख महोदय जो गैसकेका छन उनका बारेमा बोलेको छैन।जो गएका छैनन। जानु पर्छ भन्ने तिर मेरो धारणा हो।म बोलौ सभामुख महोदय।

माननीय सभामुख-त्यो बिषयलाई छोडेर बोल्नु न।

**माननीय सदस्य श्री कुमार खड्का-**

अदालतको बिषयमा म गएकै छैन।अदालतको १७५ जनाको बारेमा म बोलेको छैन। स्मरण रहोस उनी तत्कालिन नेपाल कम्युनिष्ट पार्टि एमाले समर्थक र एमालेको तर्फबाट खिलराज रेग्मी सरकारमा गृह,परराष्ट्र र सामान्य प्रशासन मन्त्री थिए।सभामुख ज्यू, अर्को ब्यक्ति खरिदार युक्त प्रसाद श्रेष्ठ जसलाई प्रधानमन्त्री, मन्त्री,मुख्य सचिब, सचिब,

भुमिसुधार बिभाग, मालपोत कार्यालयलाई प्रभावित पारेर फाईल सदर गरिएको अभियोग लगाइयो।आश्चर्य के छ भने खरदार बाट प्रभावित भएर गलत निर्णय गर्ने प्रधानमन्त्री, मन्त्री, मुख्य सचिब बारे मौन रहयो अख्तियार। खरिदार श्रेष्ठले आफु निर्दोष रहेको आफु जस्तो साधारण मानिसको प्रधानमन्त्री, मन्त्री, मुख्य सचिबलाई प्रभावित गर्ने हैसियत त टाढाको कुरा एउटा पहुँच र सम्पर्क पनि नभएको कुरा जिकिर गरे मैले प्रभावित गरेर निर्णय गरेको भनेर प्रभानमन्त्री, मन्त्री वा मुख्य सचिबले कहिले भने कहाँ भने त्यसको जानकारी पाँउ भन्दै आर्थनाथ गरिरहे न्याय नपाउने निष्कर्षका साथ खरिदार युक्त प्रसाद श्रेष्ठले श्रावण २ मा आत्महत्या गरे सभामुख महोदय।अख्तियारले दुई करोड उननतिस लाख सन्ताउन्न हजारको बिगो सहित सात बर्षको कैद माग गरेर उनी माथी मुद्दा चलाएको छ।मुद्दा भएकोले ठूलो दोषी माधब घिमिरेको मृत्यू भएकोले ठूलो दोषी माधब घिमीरे माथी मुद्दा नचलाउने निर्णय गरेको अख्तियारले मृत्यू भएका युक्त प्रसाद श्रेष्ठ माथी मुद्दा चलायो यो भेदभाव किन यो द्वेवद ब्यबहार किन स्मरण रहोस युक्त प्रसाद श्रेष्ठ नेपाली काग्रेस पर्वतका सचिब थिए सभामुख महोदय।चन्द्रदेब जोशिले फाईल सदर गरेर मन्त्रिपरिषदमा पठाए आँफैले निर्णय गरेनन अनौठो कुरो के छ भने सभामुख महोदय डा.बाबुराम भट्टराईको नेतृत्वको मन्त्रिपरिषदले यस बिषयमा निर्णय गर्दा उनले राजिनामा दिइसकेका थिए।पुर्व प्रधानमन्त्री बाबुराम भट्टराई स्वयंमले फाईल क्याबिनेटमा पठाएका कारणले मन्त्रीलाई आरोपित गर्न सहि नहुने भन्दै प्रधानमन्त्री भएकाले म जिम्मेवारी लिन्छु। भ्रष्टाचारको बिउ बोट निष्प्रभावित पार्न काल्कोट बिष पिउन पनि तयार छु भन्दा खेरी अख्तियारले प्रधानमन्त्रीको भुमिकामा छानबिन गर्न किन चाहिरहेको छैन सजिलै बुझ्न सकिन्छ। माघ १६ मा केन्द्रिय अनुसन्धान ब्युरोले आफ्नो प्रतिवेदन गृह मन्त्रालयमा पठाएको छ।जसमा पुर्व मुख्य सचिव लिलामणी पौडेललाई किटेर दोषी बताएको छ।सि.आई.बि.ले दोषि देखाएको लिलामणी पौडेललाई अख्तियारले कसरी निर्दोष देख्यो? सि.आई.बि.को प्रतिवेदन अनुसार अदालतमा मुद्दा नहाली सरकारले त्यो फाईल कोरलेर किन बसीरहेको छ सभामुख महोदय।बिष्णु पौडेलले यहि विवादास्पद स्थानमा आठ आना जमिन खरिद गरे आफ्ना नाबालक छोरा नबिन पौडेलका नाममा २०६१ पौष २९मा हाल उक्त जग्गाको मूल्य बजार मूल्य सोह्र करोड प्रति रोपनी छ सभामुख महोदय।उनले जमिन खरिद गर्दा पनि रोपनीको दुई करोड थियो।तर उनले त्यो जग्गा आनाको पचास हजार अथवा रोपनीको आठ लाखको दरमा खरिद गरे।कसरी पाए यस्तो सस्तोमा यिनले पाए त्यो जग्गा माननीय सभामुख महोदय,२०६१ पौष उननतिसमा उनले जग्गा खरिद गर्दा उक्त जग्गामा जाने बाटो नै थिएन।बाटो नभएको जग्गा खरिद बिक्री नै हुदैन।पौडेलले कसरी खरिद गरे त्यो जग्गा? भुमाफियाबाट उक्त जग्गा डाइरेक्ट बिष्णु पौडेलको नाममा नआई सवामीत्व हस्तान्तरण हुँदै आएकोले भुमाफिया सँग उनको अनैतिक सम्बन्ध कसरी भयो भन्ने तर्क सुन्नमा आईरहेको छ।यो भन्दा ठूलो छलकफट, राष्ट्र र जनता प्रति अरु के हुन सक्छ सभामुख महोदय।पौडेल भन्दा अगाडी जसको नाममा जग्गा थियो प्रधानमन्त्री निवासको कम्पाउण्ड भित्र थियो। लालपुर्जा बोक्ने तर जमिन उपभोग गर्न नपाईने भएपछि बल्ल यो भ्रष्टाचारको ग्राइन्ड डिजाइन अगाडी बढेको देखिन्छ।शोभाकान्त ढकाल र राम कुमार सुबेदी सँग तिन समस्या थियो जग्गा बालुवाटार कम्पाउण्ड भित्र थियो।दोस्रो बाटो थिएन।तेस्रो प्रधानमन्त्री निवासको दक्षिणपट्टिको खाली सार्वजनिक जग्गा हत्याउने लक्ष्य थियो।फेरी बिष्णु पौडेल अगाडी सर्छन र प्रधानमन्त्री माधब नेपाल सँग साँठगाँठ गरेर २०६६ चैत्र २९ गते बालुवाटार कम्पाउण्डमा रहेको जग्गा कम्पाउण्ड बाहिर गर्न सोध भर्नाका नाममा बिष्णु पौडेलको जग्गा सम्म जाने गरी ५७० मी. लामो ८ मी. चौडा बाटो ललिता निवासको जमिन बाटो दिने नक्कली मोहिको नाममा जग्गा दर्ता गर्ने निर्णय माधब नेपालको नेतृत्वको मन्त्रिपरिषदले गर्यो।यो निर्णय प्रचलित कानून बिपरीत भूमिसुधार बिभागले कार्यान्वयन गर्न मानेन सभामुख महोदय।त्यसपछि ६७/१/१ गते फेरी माधब नेपाल सरकारले त्यो अधिकार भुमिसुधार बिभागबाट खोसेर सिधै डिल्ली बजार मालपोत कार्यालयलाई दियो।कानूनले भुमिसुधार बिभागलाई प्राप्त अधिकार मन्त्रिपरिषदले माल अड्डा सार्न सक्तैन भनेर सामान्य जानकारी पनि सरकारलाई थिएन भनेर कसरी पत्याउने सभामुख महोदय।नेपाल ट्रष्टको जमिन यति होल्डिङसलाई दिन नमान्दा गृह मन्त्रीलाई हटाएर रक्षा मन्त्रीलाई अध्यक्ष बनाई जमिन दिएको दृष्टान्त यसको पछिल्लो उदाहरण हो।सरकारी जग्गामा मोहि लाग्दैन भन्ने कानून पनि थाहा पाएन सरकारले यो निर्णयले लाभान्वित भइ भुमाफिया शोभाकान्त ढकाल, राम कुमार सुबेदी र बिष्णु पौडेल फेरी सम्रण रहोस सभामुख महोदय, शोभाकान्त ढकाल २०७० को सबिधान सभाको निर्वाचनमा तत्कालीन एमालेबाट समानुपातिक उम्मेदबार बनाउन निज

बसी बिष्णु पौडेलले सिफारिस गरेका थिए भनेर छापाहरुले लेखिरहेका छन। आज त्यत्रो ठुलो अपराध गर्ने बिष्णु पौडेललाई भ्रष्टाचार गरेर अधिकारको दुरुपयोग गरेर प्राप्त सम्पत्ती मध्येको एक अंश एक टुक्रा जग्गा फिर्ता गरेर उन्मुत्ति दिने फैसला सुनायो अख्तियारले सभामुख महोदय।नेपालको कुन कानूनले अपराधीले अपराध गरे वापत प्राप्त सम्पत्ति फिर्ता गरे उन्मुक्ति पाउने व्यवस्था गरेको छ।कि अब चोरले चोरेको सम्पत्ती फिर्ता गरे डाँकाले लुटेको सम्पत्ती फिर्ता गर्दा उन्मुक्ति पाउने नजिर बसाउन लागेको हो यो सुबिधा नेपाल कम्युनिष्ट पार्टिको झण्डा बोक्नेलाई मात्र छ।यसको जवाफ सरकारले दिन पर्दैन दोषि र निर्दोषिताको फैसला कसले गर्ने अख्तियारले गर्ने? सरकारले गर्ने? न्यायलयले गर्ने नेपाली काग्रेसले सदन देखि सडक सम्म उठाएको आवाज हो यो।कहाँ छ गलत नेपाली काँग्रेस सत्ताधारी पार्टीको महासचिव भएको कारण उनलाई कानून नलाग्ने? कानूनको कठघरामा उनि उभिन नपर्ने निर्दोष भए गच्छेदार जस्तै अदालतबाट सफाई लिएर आउ भन्न नपाईने? सामान्य कानूनको सिद्धान्त उनमा लागु नहुने? कानून भन्दा माथी उनी हुने अख्तियारले यो मन्त्रिपरिषदको नितिगत निर्णय भएकोले प्रधानमन्त्रीलाई छुन मिल्दैन भनेको छ सभामुख महोदय। यो भन्दा ठुलो श्वेत असत्य के हुन सक्छ। नितीगत निर्णय भनेको जनतालाई निशुल्क गुणस्तरीय शिक्षा दिने हुन्छ।सबैलाई सुलभ निशुल्क गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने होला।बेरोजगारीलाई रोजगार उपलब्ध गराउने होला।बिकास र निर्माण भौतिक पुर्वाधारका कुरा गर्ने होला

अल्पकालिन, मध्यकालिन, दिर्घकालिन मौद्रिक रक्षा मौलिक अधिकार संबैधानीक दायित्व पो नितिगत हुन्छ त राष्ट्रको सम्पत्ती कुनियत राखेर भ्रष्टाचार गर्ने गर्न सघाउने गर्न लगाउने उत्प्रेरित गर्ने जानी जानी ब्यक्तिगत लाभको लागी हानि नोक्सानी गर्ने निर्णय कसरी नितीगत हुन्छ।यदी यो नितीगत निर्णय हो भने निर्णय गर्ने प्रधानमन्त्रीले उन्मुक्ति पाउने तर प्रधानमन्त्रीको निर्देशनमा सिफारिश गर्नेहरु किन कठघरामा छन कानूनको दृष्टिमा सबै समान नहुने भयो कि अब नेपालमा।सभामुख महोदय नेपाली काँग्रेसले सदन र सडकबाट भनेको सार के हो भने बिजय गच्छेदार सहित अभियोगी बनाइएका एकसय पचहत्तर जनाको बारेमा न्यायालयले फैसला गरोस् एकसय पचहत्तर जना बाहेक पनि यस काण्डमा संलग्न पुर्व प्रधानमन्त्री बिष्णु पौडेल, लिलामणि पौडेल, कुमार रेग्मी बाकी सबै जुनसुकै पार्टीका हुन जुनसुकै आस्थाका हुन सबैलाई कानूनको कठघरामा खडा गरोस यसको साथसाथै तेत्तीस किलो सून काण्डका अपराधीहरु, ढुकुटीमा रहेको सुनलाई पित्तल बनाउन सक्ने अदभुत कला जानेको सरकार एनसेल हवाइट बोडी हाइ एजेन्सी तारा रिसोटका दोषिहरुलाई पनि कठघरामा खडा गरोस अख्तियारले माननीय सभामुख महोदय अन्तयमा प्रिन्टीङ प्रेस खरिद गर्दा अरबौको घोटलामा संलग्न सूचना प्रबिधि तथा सञ्चार मन्त्रालयका जिम्मेवारहरु कानून मिचेर सरकारी सार्वजनिक ट्रष्टको सम्पत्ति मिचेर यति होल्डीङसलाई दिने अपराधीहरुलाई पनि अख्तियारले शिघ्रती शिघ्र जनता र न्यालयको कठघरामा खडा गरोस यसो भयो भने अहिलेको सरकारले भनेको सम्वृद्ध नेपाल र सुखि नेपाल बन्छ।धन्यबाद, जय नेपाल ।

**माननीय सभामुख**-माननीय सदस्य श्री कृष्ण थापा समय ५ मिनेट।

**माननीय सदस्य श्री कृष्ण थापा-** माननीय सभामुख महोदय, बाग्लुङ जिल्ला क्षेत्र नं २को २बाट निर्वाचित माननीयले आफ्नो ध्यानाकर्षण यहाँ शुन्य समयमा प्रस्तुत गर्नु भएको छ।र मैले यस सन्दर्भमा थप केही कुराहरु प्रष्ट पार्नु पर्ने भएको हुँदा म त्यस बिषयलाई अगाडी बढाउन चाहान्छु।निर्वाचन क्षेत्र पुर्वाधार कार्यक्रम कार्यन्वयन गर्नका लागि बाग्लुङमा निर्वाचन आचार सहिंता जारी भएको थियो।त्यस सन्दर्भमा त्यो बजेट छिटो भन्दा छिटो कार्यान्वयन गर्नाका लागि मैले सम्बन्धित कार्यालय सँग सम्पर्क गरेको थिए।र त्यस सन्दर्भमा बाग्लुङको २ को २ निर्वाचन क्षेत्रका सन्दर्भमा पनि मैले कुरा गरेको थिए।र अब निर्वाचन सम्पन्न हुँदैछ केही समय पछि यसको परिणाम आँउदै छ।तर त्यसले गर्दा खेरी उहाँलाई समावेश गरेर यो बजेट बिनीयोजन गर्न पर्छ भनेर मैले भनेको थिए उहाले हुन्छ भन्नु भएको थियो।तर मैले फेरी सम्पर्क गरे यो त करिब करिब बाहिरबाट माननीय आएर सक्नु भयो भनेर सुन्न आयो किन त्यसो गर्नु भयो भनेर मैले भने भन्दा खेरी माथी ठुलै मन्त्रालयहरुबाट यति धेरै यति धेरै फोन आयो दबाब आयो हजुर म त सहन सकिन भनेर भन्नु भाछ। के संघीयतामा यही दबाब, निर्देशन,छली आदी कुराले अगाडी बढ्ने एउटा सिद्धान्त हो र मैले सुनिरहेथे सहमतिमा सहकार्यमा गर्दा राम्रो हुन्छ।अर्को तिर फेरी उहि निर्वाचित क्षेत्रबाट सदस्य हुनुहुन्छ अर्को तिर त्यही क्षेत्रमा टेक बहादुर ज्यूको मृत्यू भएको छ। यस्तो संबेदनशिल ठाँउ र क्षेत्रलाई यो हाइजेक गर्ने माथिबाट को हुन ति किन गरिएको छ।किन त्यति धेरै घण्टी बजाइयो।यसकारण मैले यो प्रश्नको जवाफ दिन चाहान्छु र फेरी हामीले यसलाई टुँगाउनका लागि सम्बन्धित मन्त्रालयमा

निवेदन समेत गर्यौं।र त्यो निवेदनलाई सुनवाई नभइकिन अस्ति मुख्यमन्त्रीले जवाफ दिनु भयो त्यसकारण के लाग्छ भने त्यो जवाफ प्रति हाम्रो आपत्ति रहेको छ।र संयोजन गरेर फेरी सहकार्य गरेर यो बिषयबस्तु टुङ्गाउनु पर्छ यल्लाइ मुद्दा बनाउनु हुन्न जस्तो मलाई लाग्दछ।मैले यो कुरा भने र अर्कोतिर सभामुख महोदय घरको सुन्दर दुईटा चिजले फैसला गर्छ।एउटा के हो त भने शौचालय अर्को तिर भान्सा कोठा हो।यदी शौचालय र भान्सा कोठा राम्रो हुदैन भने घरको सुन्दरताको पहिचान गर्न सक्दैन त्यस्तै गरेर आज हामी मेरो निर्वाचन क्षेत्रमा तिनवटा दुईवटा नगरपालीका र एउटा पालिका छ।म त्यहाँ हरेक जनप्रतिनिधिहरु सँग भेट्छु र उहाँहरुले हामीलाई यो बिधेयक सम्बन्धि एकदम नजिकबाट देखाएर भन्नुहुन्छ केछ भनेर मैले उहालाई सोद्धा खेरी स्वास्थ्य सन्दर्भमा शिक्षा सन्दर्भमा संघले बनाएका कानून अनुसार चल्नेछ हुनेछ भनेर देखाइन्छ त्यसकारण तपाँईहरु संबिधान बनाउने बिधेयक बनाउने माननीय ज्यूहरु दुई बर्ष पार गरिसक्नु भयो कहिले पुरा गर्नुहुन्छ भनेर हामीलाई प्रश्न गर्नुहुन्छ।मलाई लाग्छ प्रदेशको र राष्ट्रको सबभन्दा सुन्दरता अथवा त्यो देशका नागरिक सबभन्दा आत्मनिर्भर र स्वाभिमानी छन भने त्यो देशको सरकारले स्वास्थ्य र शिक्षामा गम्भिर किसिमको चासो गम्भिर किसिमको बजेट र गम्भिर किसिमको निति बनाउन आवश्यक छ।तर मैले देखिरहेको छु।यो हुन सकिरहेको छैन र मैले के भन्न गइरहेको छु त भने दुई बर्ष बितिसक्यो स्थानीय निकाय सञ्चालन गर्नका लागि प्रदेशलाई राम्रो बनाउनको लागि शिक्षा स्वास्थ्य जस्तो बिधेयक ल्याउन सरकार किन चुकिरहेको छ।किन ल्याउन सक्दैन यसकारण मैले यो प्रश्न गर्न चाहान्छु र बास्तबमा देशलाई एउटा सम्बृद्धि बनाउने हो भने शिक्षामा देखापरेको माफिया तन्त्र स्वास्थ्यमा देखा परेको माफिया तन्त्र लगायतलाई नियन्त्रण गर्नका लागी एउटा स्वास्थ्य बिधेयक र शिक्षा बिधेयक सरकारले यो सदनमा छिटो टेबुल गरोस। यही माग गर्दै म आफ्नो भनाई टुँङ्गाउछु।धन्यबाद।

## माननीय सभामुख-

माननीय सदस्य श्री हरिशरण आचार्य समय ५ मिनेट।

## माननीय सदस्य श्री हरिशरण आचार्य-

माननीय सभामुख ज्यू, आर्थिक बर्ष २०७६/७७ को बजेट बिनियोजन गर्दा खेरी प्रदेश सरकारले च्याङलीमा औद्योगिक क्षेत्र निर्माण गर्नि भनेर योजना बनायो र त्यो बनाइसके पछाडी त्यसमा अहिले नवलपुरको लोकाहामा र गोर्खाको च्याङ्ली क्षेत्रमा अथवा पालुङटारको च्याङ्लिमा औद्योगिक क्षेत्र बनाउने भनेर दुई करोड बजेट बिनीयोजन गरिएको छ।त्यो दुई करोड बजेट बिनियोजन गर्दै गर्दा मैले तलका स्थानीय तहका सबै साथीहरुसँग छलफल गर्छु, अनि फेरी माथी मन्त्रालयको सचिब ज्यूसँग पनि छलफल गर्छु।गर्दै जाँदा खेरी फेरी केन्द्रबाट संघ सरकारले पनि त्यही ठाँउमा औद्योगिक क्षेत्र बनाउने भनेर निर्णय पनि गरेको छ।र त्यसको प्रस्ताब गरेर निर्णय नै अगाडि बढाईसकेको छ तर आज केही जग्गा व्यवसायीहरु र बिचौलियाहरुको बिचबाट सरकारले त्यँहा बिबाद छ भन्ने बिषयबस्तुको एउटा बहाना कतिपय ठाँउहरुमा मैले बनाएको सुनिराखेको छु।यो स्थितिको बिषयबस्तु आज जहाँ सबैभन्दा महत्वपूर्ण ठाँउ प्रत्येक अब बजार क्षेत्रको केन्द्र बिन्दु काठमाण्डु, नारायणगढ,पोखरा अथवा जहाँ पुगेपनि त्यो एउटा सेन्टर पोईन्टको औद्योगिक क्षेत्र बनाउने सबैभन्दा मैले मलाई एउटा कुरा के याद छ भने औद्योगिक ब्याबस्थापन लिमीटेडको प्रबन्धक आएर त्यहाँ हेर्नुहुन्छ। हेर्दाखेरी त्यसको स्थलगत अध्ययन गर्दा खेरी यो ठाँउ जस्तो राम्रो उपयुक्त ठाँउ अन्त कहि पनि छैन नेपालको भनेर त्यसरी हेर्दाखेरी ब्याख्या गरेर जानुहुन्छ अनि जाँदाखेरी आज त्यो औद्योगिक क्षेत्र निर्माण गर्ने त्यो स्थानलाई विवादित भनिएर फेरी सरकारमा एउटा गलत एउटा भ्रामक समाचार अथवा त्यो प्रकारको बिषयबस्तु ल्याइदिदैछ भन्ने मैले सुनेको छु।यदि यो सत्य हो भने त्यो च्याङ्गलीको औद्योगिक क्षेत्र निर्माणको बिषयबस्तु के हुन्छ म सरकार सँग माग गर्न चाहान्छु।र यसको जबाफ चाहान्छु एक।दोस्रो कुरा यदी त्यो औद्योगिक क्षेत्र बनाउने हो भने त्यहाँ जुन ढंगले भ्रम छरि राखिएको छ।त्यो भ्रमलाई निवारण गर्नका निमित्त सम्बन्धित मन्त्रालयले मैले अनुरोध गरे स्थानीय तहसँग एउटा अन्तरक्रिया गर भनेर अनि सम्बन्धित वडा अध्यक्षलाई मैले अन्तरक्रिया राख त्यहाँको जनतासँगको बिषयबस्तु भनेर मैले माग गरे।तर उहाँहरुले मैले अनुरोध गर्दा खेरी उहाँहरुले अटेर गर्नु भयो र उहाँहरु त्यो अन्तरक्रिया राख्न पनि एकबर्ष भयो मैले अनुरोध गरेको त्यो एकबर्षको बिचमा उहाँहरुले अटेर गर्नुभयो र आज म मन्त्रालय स्वयंलाई सम्बन्धित मन्त्रालयलाई चाँहि त्यो ठाँउमा जनतासँग स्पष्ट जानकारी लिनका निमित्त सरोकारवाला पक्षहरुसँग छिटो भन्दा छिटो एउटा अन्तरक्रिया राखेर त्यहाँ सरोकारवाला सबै जनताको एउटा माग र त्यसपछाडी त्यहाँको बस्तुस्थितिको बारेमा यथार्थ बिषयबस्तु लिनका निमित्त हार्दिकता पुर्वक माग गर्न चाहान्छु।धन्यवाद।

**माननीय सभामुख-**

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ।माननीय सदस्यहरु अब म माननीय उद्योग, पर्यटन, वन तथा बाताबरण मन्त्री श्री बिकाश लम्सालँलाई बिभीन्न मितिका सभाका बैठकका शून्य समय र विशेष समयमा माननीय सलदस्यहरुले उठाउनु भएका आफ्ना मन्त्रालय सँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न अनुमति दिन्छु।

**माननीय उद्योग, पर्यटन, वन तथा बाताबरण मन्त्री श्री बिकाश लम्साल-** माननीय सभामुख महोदय, सम्मानित सदनमा माननीय सदस्यहरुले शून्य समय र विशेष समयमा विभिन्न मितीमा हाम्रो मन्त्रालयसँग उठाउनु भएका विषयहरु सँग म प्रष्ट पार्न चाहान्छु।र ति क्रमशः प्रष्ट पार्दै पनि जानेछु।र आज विशेष गरी माननीय सदस्यहरुले शून्य समयमा र विशेष समयमा यो पचभैया प्राणी उद्यानको सम्बन्धमा के हुदैछ भनेर धेरै पटक माननीय सदस्यहरुले कुरा उठाउनु भयो यसमा अर्थ तथा बिकास समितिमा पनि यो कुरा उठेको थियो र हामीले त्यहाँ समितिमा पनि प्रष्ट पारेका थियौं।र पचभैया प्राणी उद्यान स्थापना र संचालन सम्बन्धमा पोखरा महानगरपालिका वडानं ३१ अन्तर्गत पर्ने पचभैया सामुदायिक बन क्षेत्रमा बिगत तिन बर्ष देखि बन्यजन्तु उद्यार केन्द्रको रुपमा संचालनमा रहेकोमा यस बर्षदेखि सोही उद्यार केन्द्रलाई नै प्राणी उद्यानको रुपमा स्थापना गर्न चार करोड छ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।र यस प्राणी उद्यान स्थापनाका लागि डि.पि.आर तयार भैरहेकोमा सो डि.पि.आरले प्राणी उद्यानका लागि पचभैया सामुदायिक बनको ३२९ हेक्टर मध्ये १०९ हेक्टर र चैनपुर सामुदायिक बनको ३४.३६ हेक्टर भध्ये २७.२ हेक्टर र चियापानी चिसाकुना सामुदायिक बनको १४.४७ हेक्टर पुरै गरि १५०.६९हेक्टर बन क्षेत्र छुट्टाउने गरी प्रोजेक्सन गरिएको छ।उक्त प्राणी उद्यानको डि.पि.आर लाई आधार बनाई निर्माण कार्य लगायतका कार्यक्रमहरु डिजाइन स्टिमेट तयार गरी डिभीजन बन कार्यालय कास्कीले इ बिडीङको टेण्डरको कोटेशन तरिकाबाट संचालन गर्ने कार्य प्रारम्भ भएको छ।र प्राणी उद्यान कार्यक्रमहरु संचालन गर्नका लागि उद्यान स्थापना अनुमति निवेदन स्विकृति कार्यबिधि संगठन निर्माण इ.आइ.ए.आइ.इ. कार्य कमिटी र बोर्ड गठन गरी लगायतका कार्यक्रमहरु प्राबिधिक दिशा निर्देशनका लागि गण्डकी प्रदेश निर्देशनालयको संयोजकत्वमा एक प्राबिधिक समिति गठन गरिएको छ।टेक्निकल कमिटी गठन गरिएको छ र बिगतमा पोखरा जियोलोजिकल पार्क नामक कम्पनीले तदर्थ रुपमा बन्यजन्तु उद्यार केन्द्रमा रहेका बन्यजन्तुको पालन पोषण गर्दै आईरहेकोमा हाल डिभीजन बन कार्यालय कास्कीले मन्त्रालयबाट स्विकृत लिइ उद्यार केन्द्रमा रहेका बन्यजन्तुहरुको पालन पोषण र उपचार कार्य संचालन गरिरहेको छ।सो उद्यार केन्द्रमा निलगाई, रतुवा, मृग, सिवेट लगायतका स्तनधारी एघार प्रजातिका चालिस वटा मयुर, गिद्ध,चिल लगायतका चरा सात प्रजातीको चौध वटा अजिंगर, कछुवा,सरीसृप दुई प्रजातीका दुई वटा बन्यजन्तुहरु पालन पोषण गरिराखिएको छ।अब लगत्तै डिभीजन बन कार्यालय कास्कीबाट २०७६/७७को लागि विनियोजीत बजेटबाट डिजाईन स्टेमेट गराई सूचना निकाल्ने काम हुदैछ।त्यस्तै चिडीयाखाना स्थापना अनुमतिका लागि राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०२९ तथा नियमावलीको निर्दिष्ट ढाँचाको निवेदन अनुसार डिभीजन बन कार्यालय र निर्देशनालय र मन्त्रालयको सिफारिस सहित राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु बिभाग बबरमहल काठमाण्डौमा पठाउने कार्यक्रम पनि हामीले अगाडी बढाइएको छ।आइ.इ.ए. इ.आइ.ए.कार्य पनि तुरुन्तै प्रारम्भ गर्ने भनेर त्यसको लागि अध्ययन गर्ने भनेर कार्य प्रारम्भ भैसकेको छ।पचभैया सामुदायिक बन हालको उपभोक्ता समिती समुहको बिबाद सम्बन्धमा डिभीजन बन कार्यालय कास्कीले सहजीकरण गरिरहेको र यथाशिघ्र समाधान हुने क्रममा रहेको कुरा पनि म सम्मानित सदनलाई जानकारी गराउन चाहान्छु।त्यो त्यहाको समुदायिक बन उपभोक्ता समिति तिनवटा समुहको बिच सामान्य केही बिबाद पनि थियो।त्यो एउटा बिबाद अदालत सम्म पनि पुगेको त्यो चाँहि हामीले दुईटै समुहलाई बोलाएर सहजिकरण गरेर त्यो पनि एउटा मिलाउने प्रकृयामा रहेको कुरा म सम्मानित सदन समक्ष जानकारी गराउन चाहान्छु र यो मिलेपछि समुदायको झगडा मिलेपछि हामीले तुरुन्त यो काम प्रारम्भ गर्नका लागी मन्त्रालय अगाडी बढेको कुरा म सम्मानीत सदनलाई जानकारी गराउँदै मेरो भनाई यही अन्त्य गर्न चाहान्छु। धन्यबाद ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अब म माननीय भौतिक पुर्वाधार विकाश मन्त्री श्री रामशरण बस्नेतलाई बिभिन्न मितिका सभाका बैठकमा शुन्य समय र बिशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालय सँग सम्बन्धित बिषयलाई सम्बोधन गर्न अनुमति दिन्छु।

## माननीय भौतिक पुर्वाधार बिकाश मन्त्री श्री रामशरण बस्नेत-

माननीय सभामुख महोदय,सम्मानित सभाको शुन्य र बिशेष समयमा माननीय ज्यूहरुले राख्नु भएका सवालहरुको जबाफ सभामुख ज्यू मार्फत सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु।१.गण्डकी प्रदेशको राजधानी पोखरा र आसपासका क्षेत्रमा रहेका यातायातका साधनहरुको व्यवस्थित पार्किङको व्यवस्था नहुँदा समस्या भएको भन्ने सन्दर्भमा प्रदेश सरकार यस बिषयमा गम्भीर रहेको छ।समस्या समाधान गर्नका लागि आर्थिक बर्ष २०७६/७७को बजेटमा पोखरा महानगरपालीका सँगको सहकार्यमा पोखरामा प्रदेश बस पार्क टर्मिनल निर्माणको लागि रु एक करोड बजेट बिनियोजन गरेको र लामे आहालमा सम्भावित बसपार्क निर्माणका लागि महानगरसँग जग्गा प्राप्तिका लागि छलफल भएको छ।साथै महानगरले पार्किङ व्यवस्थापनको लागि पटक पटक सूचना प्रकाशित गरेकोमा टेण्डर प्रकृयामा भाग लिएर पनि बिधिवत सम्झौता हुन नसक्दा पुन सुचना प्रकाशन भएको जानकारी प्राप्त भएको छ भने शहरका प्रतिक्षालयहरु प्राय खाली देखिन्छन भने पाईलै पिच्छे गाडी रोक्ने चढ्ने र झर्ने कारण पछाडी आइरहेका सवारी साधनहरु दुर्घटनामा पर्ने गरेको यथार्थतालाई मध्यनजर गर्दै शहरमा रहेका प्रतिक्षालयहरुमा एवं निश्चित दुरीमा अस्थायी बस स्टपको संकेत दिई सोही स्थानबाट मात्र गाडि चढ्ने र झर्ने व्यवस्था मिलाउन सुन्दर राजधानी र सभ्य नागरिकको पहिचान दिने गरी काम अगाडी बढाउन प्रदेश सरकार सरोकारवालाहरु सँग दुईपटक बैठक बसी छलफल तथा अन्तरक्रिया गरिसकेको छ।यो बिषयमा थप पहल कदमीका साथ अगाडी बढ्दै समस्याको निकासमा

लाग्ने कुरा सम्मानित सदनमा जानकारी गराउन चाहान्छु।२.पर्वतको मोदी गाँउपालिका एक र दुइमा संचालनमा रहेको मध्ये मोदी जलबिद्युत आयोजना

स्थलमा जमिन भत्किएर त्रास उत्पन्न भएको भन्ने सन्दर्भमा उक्त स्थानको जग्गा पहिले देखिनै कमजोर रहेको त्यसमा पनि स्थानीय स्तरबाट बाटो निर्माण लगायत कामहरु भएको हुँदा कमजोर जमिन भत्कीएर केही घरहरुमा क्षति पुगेकोमा उक्त आयोजना र मोदी गाँउपालीकाले चालिस लाख रुपैयाँको लगानीमा क्षति ग्रस्त घरहरुको निर्माण कार्य सम्पन्न भएको साथै गाँउपालीकाले बस्ती स्थानान्तरणको लागि राष्ट्रिय पुननिर्माण प्राधिकरणको टोलीलाई समेच बोलाई स्थलगत अबलोकन गराउने काम समेत भैसकेकोमा तत्काल बस्ती स्थानातरण गर्नु पर्ने अवस्था नदेखिएको भन्ने मोदी गाँउपालीकाको श्रोतबाट बुझिएको कुरा जानकारी गराउन चाहान्छु। यो हाम्रो कार्य क्षेत्र नहुँदा नहुँदै पनि मैले मोदी गाँउपालिका सँग बुझेर यो कुरो सम्मानित सदनमा मैले जानकारी गराएको हो हाल उक्त स्थानमा जलबिद्युत आयोजनाले टनेल समेत निर्माण गरिसकेको

अवस्था चाही छ।प्रदेश सरकार यातायात क्षेत्रमा देखिएका समग्र समस्या समाधानका लागि यातायात व्यावस्थापन बिधेयक पारित गरी अगाडी बढीरहेको छ।कतिपय बिषयहरु स्थानीय तहको कार्यक्षेत्र समेत पर्ने भएको साथै संघीय सरकारले समेत समग्र रुपमा यातायात व्यवस्थापन गर्ने बिधेयक संसदमा पेश गरी पारित गर्ने तयारीमा रहेको हुँदा एकरुपता कायम गर्दै प्रदेश सरकारले यातायात क्षेत्रमा देखिने गरी काम गर्ने तयारीमा जुटेको कुरा सम्मानीत सदनमा जानकारी गराँउदै आफ्नो भनाई अन्त्य गर्छु।धन्यबाद ।

**माननीय सभामुख-**माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेबी पुन मगरको तर्फबाट माननीय भौतिक पुर्वाधार बिकाश मन्त्री श्री राम शरण बस्नेतलाई गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने व्यवस्था गर्न बनेको बिधेयक सम्मानीत सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय भौतिक पुर्वाधार बिकाश मन्त्री श्री राम शरण बस्नेत-

माननीय सभामुख महोदय, गण्डकी प्रदेशका भाषा, साहित्य,संस्कृति,ललितकला संगितको अध्ययन गरी संरक्षण एबं सम्बर्धन गर्नका लागि गण्डकी प्रदेशमा प्रज्ञा प्रतिष्ठानको स्थापना र संचालन गर्न बान्छनीय देखिएको हुँदा प्रस्तुत गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा संचालन गर्ने सन्दर्भमा व्यवस्था गर्न बनेको बिधेयक नेपालको संबिधानको धारा १९८ को उपधारा १तथा गण्डकी प्रदेश प्रदेश, सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्छु।धन्यबाद।

**माननीय सभामुख-**

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल माघ २९ गते दिनको १.००बजे सम्मको लागि स्थगित हुन्छ।